नेपाल सरकार
राष्ट्रिय सतर्कता केन्द्र
सिंहदरबार, काठमाडौं

प.सं. :- ०८०/८१
च.नं. :- प्रा.३०/२६९४

मिति :- वि.सं. २०८१/०३/०५

विषय: निर्देशन सम्बन्धमा ।

श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्री गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्री उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्री संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्री संचार तथा सुचना प्रविधि मन्त्रालय , सिंहदरवार , काठमाडौं ।
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ,काठमाडौं ।
श्री खानेपानी मन्त्रालय , सिंहदरवार, काठमाडौं ।
श्री रक्षा मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्री सहरी विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं।
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाडौं।
श्री युवा तथा खेलकुद मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय , कोशी प्रदेश, विराटनगर / मधेश प्रदेश, जनकपुरधाम, धनुषा/ वागमती प्रदेश, हेटौंडा, मकवानपुर/ गण्डकी प्रदेश, पोखरा, कास्की/ लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी) /कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत/ सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

प्रस्तुत विषयमा यस केन्द्रले राष्ट्रिय सतर्कता केन्द्र (कार्य संचालन) नियामावली,२०६५को नियम १३ एवं नियम १४ वमोजिम विभिन्न मन्त्रालय/ निकाय अन्तर्गत संचालित तथा सम्पन्न आयोजनाहरुको प्राविधिक परिक्षणको कार्य गर्दै आइरहेको छ ।सोहि क्रममा विभिन्न मन्त्रालय/ निकाय अन्तर्गतका आयोजनाहरुको प्राविधिक परिक्षण कार्य सम्पन्न गरि प्राविधिक परिक्षकहरुबाट प्रतिवेदन प्रस्तुतिकरण तथा छलफल भई प्राप्त अन्तिम प्रतिवेदन (Final Report) हरुमा औंल्याइएका अपरिपालनाहरु (Non-Conformance Report-NCR) सच्चाउन तथा सुझावहरु (Recommendations) र टिप्पणीहरु (Comments) लगायत अन्य विषय कार्यान्वयन गर्न सम्बन्धित आयोजनालाई लेखि पठाइँदै आइरहेको छ । त्यस्ता अपरिपालनालाई सम्बन्धित आयोजनाबाट समयमै सच्याउने कार्य हुन नसक्दा आयोजनाको निर्दिष्ट समय, लागत तथा गुणस्तरमा समेत असर पर्न जाने, राज्यश्रोत (बजेट) दुरुपयोगको जोखिम बढने अवस्था आउने र सो बाट अनियमिततालाई प्रश्रय मिल्ने हुँदा आयोजनाको विभिन्न चरणहरुका काममा देखिएका साझा किसिमका अपरिपालनाहरु पुनः दोहोरिन नदिन तथा नियन्त्रण गर्नका लागि प्राविधिक परीक्षण परामर्श समितको बैठकवाट समेत सुझावहरु प्राप्त भएको हुँदा

नेपाल सरकार
राष्ट्रिय सतर्कता केन्द्र
सिंहदरबार, काठमाण्डौ

मन्त्रालय/निकाय मातहत निर्माण/संचालन भएका वा भविष्यमा निर्माणहुने आयोजनाहरुसंग सम्बन्धित कार्य गर्दा/गराउँदा तपसिलका बुँदाहरुमा उल्लेख भएका विषयहरु अनिवार्य रुपमा पालना तथा कार्यान्वयन गर्न/गराउँनहुन  भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३८(छ) बमोजिम मिति २०८१ जेष्ठ ३२ गतेको निर्णय (सचिव स्तर) अनुसार निर्देशन दिइएको व्यहोरा अनुरोध छ ।

तपसिलः

१. सार्वजनिक खरिद नियमावलीको नियम १३७ को उपनियम (२क) बमोजिम निर्माणस्थलमा सबैले हेर्न र देख्न सक्ने गरी सूचना पाटी अनिवार्य राख्न लगाउने,
२. ठेक्का सम्झौता भए पश्चात कार्य प्रारम्भ गर्नुअघि Quality Assurance Plan (QAP) तयार तथा नियमानुसार स्वीकृत गराई कार्यान्वयनका वखत उक्त QAP पूर्ण रुपमा परिपालन गर्ने/गराउने,
३. कुनै पनि ठेक्काको सम्झौता गर्दा ठेक्का सम्झौता अवधि र कार्यतालिका वास्तविक, वैज्ञानिक र व्यावहारिक हुनेगरी सम्झौता हुनुपर्ने,
४. सार्वजनिक खरिद नियमावली, २०६४ को  नियम ३ (क) मा उल्लेख भएबमोजिम अलग अलग रुपमा सम्पन्न गर्न सकिने निर्माण कार्यको लागि अधिकतम प्रतिस्पर्धा हुनेगरी छुट्टा छुट्टै रुपमा बोलपत्र आव्हान गर्नुपर्ने तथा प्रतिस्पर्धा सिमित हुनेगरी Contract packaging/Slicing गरी ठेक्का नलगाउने,
५. निर्माण कार्य/परामर्श सेवाको बोलपत्र/प्रस्ताव पेश गर्दा बोलपत्रदाता वा प्रस्ताव पेशकर्ताले सो कागजातमा जो/जस्तो जनशक्तिको विवरण पेश गरेको छ सो कार्यको लागि सोही जनशक्ति नियुक्त गर्नुपर्ने, यदि प्रतिस्थापन गर्नु परेमा उचित कारण सहित आयोजनाको सहमतिमा मात्र सो सरह वा सो भन्दा योग्य जनशक्तिलाई नियुक्त गर्नुपर्ने जस्ता Criteria लाई खरिद सम्झौताको अनिवार्य अंग हुने व्यवस्था मिलाउने,
६. निर्माण कार्यका लागि Benchmark लगायत अन्य आवश्यक Reference Point हरु स्पष्ट रुपमा देखिने गरी निर्माण अवधिभर सुरक्षित राख्नुपर्ने,
७. ठेक्का सम्झौतामा उल्लेख भए बमोजिमको  प्रयोगशाला स्थापना तथा संचालन गर्ने र QAP बमोजिम प्रयोगशालाबाट अनिवार्य जाँच गरी Test Report हरु अध्यावधिक रुपमा राख्ने,
८. प्रचलित सार्वजनिक खरीद ऐन, नियमावली बमोजिम आयोजनाको निर्माण कार्यतालिका अध्यावधिक राख्ने तथा नियमित रुपमा Management Meeting गर्ने/गराउने,
९. आयोजनामा कार्यरत जनशक्तिको Occupational Health and Safety (OHS) को पालना तथा हेल्मेट, पञ्जा, बुट लगायतका सुरक्षात्मक सामग्रीहरुको प्रयोग अनिवार्य गराउने,
१०. जोखिमयुक्त निर्माणस्थललाई छेकबार लगाई सुरक्षित कार्य वातावरण कायम गराउने,

इमेल: navic@nvc.gov.np, admin@nvc.gov.np, वेबसाइट: www.nvc.gov.np, हटलाईन: ४२००३४५, ४२००३३१, ४२००४००, ४२००३४९, ४२००३४०, ४२००३५१, ४२००४५५, ४२११६२८, ४२००५१२

११. खिया लागि Strength र Diameter मा असर परेका डन्डी, Gabion Wire, Cable लगायतका फलामजन्य निर्माण सामाग्री निर्माण कार्यमा प्रयोग नगर्ने/नगराउने,

१२. निर्माण कार्यमा प्रयोग हुने रसायन, सिमेन्ट, फलामे छड जस्ता निर्माण सामग्रीलाई जथाभावी रुपमा राख्दा त्यसको क्षमतामा ह्रास आउने हुनाले निर्माण सामग्रीको क्षमतामा ह्रास आउन नदिन सहि तवरबाट भण्डारण गर्ने/गराउने, भौतिक तथा रसायनिक क्षमतामा ह्रास आएमा त्यस्ता निर्माण सामग्रीको प्रयोग नगर्ने/नगराउने साथै अनिवार्य रुपमा उत्पादन मिति र प्रयोग म्याद उल्लेख भएका निर्माण सामाग्री मात्र प्रयोग गर्ने/गराउने,

१३. पुल/पुलेसाको निर्माण/मर्मत कार्य गर्दा सुरक्षित तथा Waterway नछेक्ने गरी Diversion बनाई कार्य गर्न लगाउने,

१४. सबै प्रकारका निर्माण कार्यहरु विशेषतः तटवन्ध निर्माण (River Protection) को काम गर्दा/गराउँदा स्वीकृत Design बमोजिम Specification ले तोके अनुसार मात्र कार्य गर्ने/गराउने,

१५. कुनै पनि निर्माण कार्य वा कुनै क्रियाकलाप कार्यसम्पन्न भएपछि कार्यस्थल सफा गर्ने, पुल, भवन लगायतको ढलान सम्वन्धि कार्य गर्दा प्रयोग भएका Formwork तथा सो अढ्याउन प्रयोग भएका किला काँटा लगायतका वस्तु तोकिएको समय पश्चात् उक्त संरचनामा नछुट्ने गरी हटाउन लगाउने एवम् निर्माण कार्य सकिए पछि Embankment एवं Diversion हरु हटाउने,

१६. ढलान सम्बन्धी कार्य गर्नु/गराउनु अघि अनिवार्य रुपमा प्रयोगशालाबाट प्राप्त स्वीकृत Mix-Design Report को Site Trial Final गरी आवश्यक Adjustment पश्चात मात्र कार्य गर्ने/गराउने र Honey comb नआउने तथा Smooth Surface हुने गरी Process Control गर्ने/गराउने,

१७. WeepHole राख्नु पर्ने संरचनामा WeepHole को Spacing र Size लाई Specification अनुसार राख्न लगाउने र सो मा प्रयोग हुने HDPE Pipe Specification बमोजिम भए नभएको एकिन गरेर मात्र प्रयोग गर्ने,

१८. आयोजना कार्यालय र निर्माण व्यवसायी बिच भएको ठेक्का सम्झौतालाई प्रचलित कानुन तथा ठेक्काका प्रावधान बमोजिम अद्यावधिक एवम् व्यवस्थित बनाई कार्यान्वयन गर्ने/गराउने,

१९. प्राविधिक परीक्षण प्रतिवेदनमा अपरिपालनाहरु (Non-conformance Report) औंल्याइएको भए निर्माण कार्यको भुक्तानी गर्नु पूर्व उक्त अपरिपालनाहरु तोकिए बमोजिम फछ्र्यौट (NCR Disposition) भएको सुनिश्चितता गरेर मात्र भुक्तानीको व्यवस्था मिलाउने,

२०. आयोजनाको स्वीकृत Estimate, Drawing Design, सम्झौता, भुक्तानी एवं As Built Drawing लगायतका कागजातहरुको अभिलेख व्यवस्थापनलाई Digitize समेत गरी चुस्त दुरुस्त राख्ने व्यवस्था मिलाउने।

इमेल: navic@nvc.gov.np, admin@nvc.gov.np, वेबसाइट: www.nvc.gov.np, हटलाईन: ४२००३४५, ४२००३३१, ४२००४००, ४२००३४९, ४२००३५०, ४२००३५१, ४२००४५५, ४२११८२८, ४२००४१२

नेपाल सरकार
राष्ट्रिय सतर्कता केन्द्र
सिंहदरबार, काठमाण्डौं

२१. निर्माण कार्य गर्दा/गराउँदा जमिनको सतह मुनि सम्पन्न भएको कार्य तथा छोपिएका काम एवम् वस्तुको प्रमाण सहितको कार्य (Evidence Based Work) गर्ने/गराउने व्यवस्था मिलाउने,

२२. सडकमा प्रयोग हुने Delineator Post, Bridge Railing लगायतका कार्यहरुमा एकरुपता हुने गरी विभागीय प्रमुखबाट स्वीकृत Standard Drawing बमोजिम गर्ने/गराउने,

२३. सडक निर्माण, मर्मत तथा स्तरोन्नतिको कार्य लगायत विशेषतः Existing Pavement माथी Overlay को कार्य गर्दा Existing सडकको Level सँग ढलका Manhole, Strainer, Footpath समेतको Level फरक पर्दा दुर्घटनाको सम्भाबना बढ्ने र सम्बन्धित अन्य संरचनाहरू फेरबदल हुने अवस्था आउने हुनाले सो समेतलाई मध्यनजर गरी Drawing/Design गर्ने तथा त्यस्ता कार्यहरू गर्दा सम्भब भएसम्म सोही स्थानको सामाग्रीहरू Recycle/Reuse बिधि अपनाई काम गर्ने/गराउने।

(निरन्जन विष्ट)
प्र.ना. म. नि
राष्ट्रिय सतर्कता केन्द्र

बोधार्थ:

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं ।

श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय , सिंहदरवार, काठमाण्डौ ।(सबै ७५३ स्थानीय तहहरुलाई लेखि पठाई सहयोग गरिदिनहुन अनुरोध छ ।)

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं ।

श्री महालेखापरीक्षकको कार्यालय, अनामनगर, काठमाडौँ।